तानसेन नगरपालिका
तानसेन नगरकार्यपालिकाको कार्यालयका
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश नेपाल

प्रथम पटक प्रकाशित मिति २०८१।०२।२५ गते

# नगरक्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन र नगरक्षेत्रबाट निकासी हुने जडीबुटी, कवाडी, जीवजन्तुकर संकलन र ७ नं. वडा कार्यालय रहेको भवनको ७ वटा सटर भाडा लगाउने सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको सुचना

तानसेन नगरपालिका, नगरकार्यपालिका कार्यालयबाट आर्थिक ऐन २०८० को दफा १८ र आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि २०८० को परिच्छेद २ दफा ३ को व्यवस्था बमोजिम आगामी आ.व. २०८१/०८२ का लागि नगर क्षेत्र तोकिएको स्थानमा तोकिएको दररेटमा पार्किङ्ग शुल्क संकलन, नगरक्षेत्रबाट निकासी हुने जडीबुटी, कवाडी, जीवजन्तुकर संकलन र ७ नं. वडा कार्यालय रहेको भवनको ११ वटा सटर भाडा लगाउने कार्य ठेक्काको माध्यमबाट गर्नु पर्ने भएकोले ठेक्का गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको खाता नं ३०३०१००३०१०६०००४ ग-१-१ आन्तरिक राजश्व खातामा तोकिएको रकम जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यलयको website: www.bolpatra.gov.np बाट बोलपत्र फाराम Download गरी मु.अ.कर र अग्रीम आयकर समेतको कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं.३०३०१००३०३००००४ (ग-३) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (बिड बन्ड) संलग्न राखी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

आवश्यक कागजातहरु

- फर्म दर्ताको प्रमाणित प्रतिलिपी
- फर्म नवीकरणको प्रमाणित प्रतिलिपी
- मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक रु. (कर बाहेक) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/TNSN/006/080/081 | ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर भाडा | मासिक ८८८०८। (कर समावेश नहुने) | १०००।०० | बोलपत्र |
| ER/TNSN/008/080/081 | नगर क्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन | रु. १५,८०,०००। | रु. १०००।०० | बोलपत्र |
| ER/TNSN/009/080/081 | नगरपालिका क्षेत्रबाट निकासी हुने जडिबुटी, कवाडी, जीवजन्तुकर संकलन | रु. ७,७५,०००। | रु. १०००।०० | बोलपत्र |

CS CamScanner

शर्त तथा बन्देजहरु

१. बोलपत्र फाराम खरिद गर्ने मिति, समय र स्थान

बोलपत्रवाला फर्म कम्पनीले उल्लेखित ठ्याकेजका बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति यो सूचना प्रकाशित मितिले ३० दिन भित्र वा २०८१।०३।२२ गते भित्र बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले निर्धारित बोलपत्र दस्तुर यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको खाता नं ३०३०१००३०१०१०००४ ग-१-१ आन्तरिक राजश्व खातामा जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np बाट बोलपत्र फाराम Download गर्नु पर्नेछ ।

२. बोलपत्र फाराम दाखिला गर्ने, खोल्ने समय र स्थान:

मिति २०८१।०३।२३ गते दिउँसो १२.०० बजे भित्र e-GP प्रणालीबाट upload गर्नु पर्नेछ । upload भएका बोलपत्रहरु २०८१।०३।२३ गते दिउँसो २.०० बजे तानसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा खोलिने छ । upload भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

४. बोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कबोल अंकको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट तानसेन नगरपालिकाको नाममा जारी मिति २०८२ साल साउन मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । (सटर भाडाको हकमा कबोल मासिक भाडा रकमको ६ महिना बराबरको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं.३०३०१००३०३००००४ । ग-३) मा जम्मा गरेको सक्कलै बैक भौचर सलग्न गर्नु पर्ने बैंक ग्यारेण्टी आवश्यक नरहेको)

५. बोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुनेछ ।

६. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ । (सटर भाडाको हकमा लागु नहुने)

७. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

८. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि २०८२ साल असार मसान्तसम्मको लागि मात्र हुने छ । तर सटर भाडाको हकमा ५ वर्षसम्म हुनेछ ।

९. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का सम्झौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक ग्यारेण्टी वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

१०. ठेक्का अंक रकम एकमुष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन । (सटरभाडाको हकमा लागु नहुने)

११. बोलपत्रदाखिला गर्दा कबोल गरेको कूल रकमको मु.अ.कर र ५% ले हुन आउने रकम धरौटी बापत रा.वा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१२. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

..............................

तानसेन नगरपालिकाको कार्यालय

निमित्त प्रमुख प्रशासकीय अधिकृत